नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:-

मितिः २०८१।०३।१६

विषय : थप पाठ्यसामग्री मूल्याङ्कनको लागि पेश गर्ने सम्बन्धी सूचना।

शिक्षा नियमावली, २०५९ को परिच्छेद ७ को नियम ३५ बमोजिम विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान रहेकाले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को दफा २५ अनुसार शैक्षिक सत्र २०८२ देखि लागू हुने विद्यालय तह (**कक्षा १ देखि १० सम्म**) को थप पाठ्यसामग्री स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरूले **२०८१ कार्तिक मसान्तभित्र** स्वीकृतिका लागि तपसिल बमोजिमका शर्त सहित आवश्यक कागजातहरू यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

**क. २०८१ साल कार्तिक १५ गतेभित्र अनिवार्य रुपमा QR मा Upload गरी पेश गर्नुपर्ने कागजातहरु**

१. राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजस्व खाता नम्बर क १०००१००२०००१००००, राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नं. ३५००२३३०१ मा निम्नानुसार रकम दाखिला गरेको सक्कल बैंक भौचर;

| क्र.सं. | कक्षा | प्रति सामग्री राजस्व दर रु. | परिमार्जनका पाठ्यसामग्रीमा हुनुपर्ने अधिकतम पेज संख्या | नयाँ पाठ्यसामग्रीमा हुनुपर्ने अधिकतम पेज सँख्या |
|---|---|---|---|---|
| क | कक्षा १ देखि ३ सम्म | १०,०००।- | २५० | १५५ |
| ख | कक्षा ४ देखि ५ सम्म | १५,०००।- | ३०० | १७५ |
| ग | कक्षा ६ देखि ८ सम्म | १५,०००।- | ३५० | २०० |
| घ | कक्षा ९ देखि १० सम्म | १७,०००।- | ४०० | २७५ |

२. ब्यक्ति स्वयंले प्रमाणित गरेको लेखकको शैक्षिक योग्यताको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, नेपाल बाहिरको बोर्डको हकमा समकक्षता पत्रको प्रतिलिपि र अनुभव पत्रको साथै निम्नानुसारको वायोडाटा,

| क्र.सं. | लेखकको नाम थर | पाठ्यसामग्रीको नाम | कक्षा | शैक्षिक योग्यता | मुख्य विषय | अनुभव वर्ष संस्था | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |

३. लेखक/सामग्री निर्माताले एउटै विषयको उही कक्षामा एउटा प्रकाशन गृहबाट मात्र सामग्री लेखन कार्य गरेको स्वघोषणा पत्र,

४. लेखक तथा प्रकाशक भएको हकमा PAN मा दर्ता भएको, निजी प्रकाशन गृहको हकमा नियमानुसार दर्ता गरेको, नवीकरण गरेको, कर तिरेको कागजात,

५. लेखक तथा प्रकाशकबीचको सम्झौता पत्र,

६. विषयवस्तु, अभ्यास, चित्र, लेआउट, डिजाइन सहितको पूर्ण स्वरूपका पाठ्यसामग्री ३/३ प्रति,

**ख. मूल्याङ्कनको लागि सामग्री पेश गर्दा अपनाउनु पर्ने विधि र सर्त**

१. लेखकको शैक्षिक योग्यता सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर तह उर्तीण गरी शिक्षण, प्रशिक्षण, लेखन तथा अनुसन्धानको क्षेत्रमा कम्तिमा पाँच बर्षको अनुभव भएको,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:-

मितिः २०८१।०३।१६

२. लेखक/प्रकाशकले कक्षा १ देखि १० सम्मको निर्धारित पाठ्यक्रम संरचनानुसार विद्यार्थीको सिकाइ सहजीकरणको लागि कक्षाकोठामा प्रयोग गर्ने उद्देश्यले तयार पारेको मुद्रित सामग्री मात्र स्वीकृतिको लागि पेश गर्नुपर्नेछ। निर्धारित पाठ्यक्रम संरचनाअनुसार तयार नभएका, पाठ्यक्रमले तोकेभन्दा वाहेक विभिन्न विषयलाई समेटी तयार पारिएको पाठ्यसामग्री स्वीकृत हुने छैन,

३. सामाजिक अध्ययन विषय नेपाली भाषाका माध्यमबाट पठनपाठन गराउनु पर्ने भएकाले हाम्रो सेरोफेरो, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, सामाजिक अध्ययन र सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको माध्यम भाषा पनि सोही अनुसार हुनपर्ने छ,

४. एउटा पाठ्यसामग्रीको लेखक तथा सम्पादक अधिकतम ५ जना भन्दा वढी राख्न पाइने छैन,

५. सामग्रीको नाम, लेखकको नाम, शैक्षिक योग्यता बाहेक लेखकको तस्विर वा अन्य विवरण सामग्रीमा राख्न पाइने छैन, (पेश गरिने पहिलो ड्राफ्टको पहिलो पेजमा मात्रै लेखक र प्रकाशको नाम राखी अन्य पृष्ठमा उल्लेख नगर्ने)

६. सामग्री प्रकाशन गर्दा यस केन्द्रको प्रकाशन शैलीअनुसार भाषिक तथा लेआउट सम्पादन गर्ने र नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको कागज तथा छपाइको गुणस्तर हुनु पर्नेछ । कागजात तथा छपाइको गुणस्तर सम्बन्धी थप जानकारी यस केन्द्रबाट प्राप्त हुने छ,

७. तोकिएको समयमा पेश हुन नआएको पाठ्यसामग्री मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन र स्वीकृत नलिई पाठ्यसामग्री विक्रि वितरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने छ,

८. यसपूर्व स्वीकृति प्राप्त गरेको पाठ्यसामग्रीको एकप्रति यस केन्द्रमा बुझाउँन बाँकी रहेको भए सो प्रति बुझाएपछि मात्र यस सूचना बमोजिम पेश हुन आएको पाठ्यसामग्री दर्ता गरिनेछ ।

९. थप जानकारीको लागि फोन नं. ०१-६६३०७९७ मा सम्पर्क गर्नु हुन । सम्बन्धित तहका पाठ्यक्रमहरु र पाठ्यसामग्री लेखनका आधार यस केन्द्रको वेवसाइट www.moecdc.gov.np मा उपलब्ध छन् ।

पुनश्च

| |
|---|
| पाठ्यसामग्रीको राजस्व बुझाउने र पाठ्यसामग्री यस केन्द्रमा दर्ता गर्ने कार्य नयाँ आर्थिक बर्ष ०८१/०८२ प्रारम्भ भए पश्चात मात्र हुनेछ । |